सडक निर्माणमा समुदायमा उत्साह थपिंदै । पृष्ठ ५ मा

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

● मकवानपुर, वर्ष-१४, ● अंक-३० ● २०७८ माघ २४ गते सोमबार, ● 07 Feb. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## चरा अध्ययनको
# गन्तव्य बन्दै "चित्लाङ"

विकास संवाददाता
थाहानगर

ठूला सवारी त खासै गुड्दैनन् भनेपनि हुन्छ । साना सवारी र पैदल हिँडेर आउने पर्यटकहरूको घुँइचो लाग्छ । पर्यटकलाई आनन्दित पार्ने घरैपिच्छे होमस्टे अनि स्थानीयपनमा उल्कै रमाइलो । अनि, पारिवारिक वातावरणसहितको रिसोर्ट र होटलमा छानीछानी बस्न पाइने । यो सबै सुविधा जुट्ने ठाउँ हो, मकवानपुर थाहानगरको 'चित्लाङ' । तराइबाट काठमाण्डौं जाँदा होस या काठमाण्डौबाट तराइ झर्दा राणाकालिन चल्तिको बाटैमा पर्ने चित्लाङ अहिले पर्यटकीय क्षेत्रको रूपमा स्थापित हुँदै गएको छ । गाउँ नजिकै झ्याम्म परेको सामुदायिक वनहरू छन् । वातावरण निकै शान्त छ । शान्त वातावरण भएकै कारण पहाडी चरा अध्ययन अवलोकनको केन्द्रको रूपमा चित्लाङले अर्को अवसर सृजना गर्दैछ ।

पर्यटकीय क्षेत्र चित्लाङ 'वर्ड टुरिज्म एरिया'को रूपमा विकास गर्न सकिने प्रारम्भिक अनुसन्धान भएको छ । चरा अनुसन्धानकर्ता सोम जिसीसहितको टोलीले चित्लाङलाई 'वर्ड वाचिङ' तथा चरा अनुसन्धान क्षेत्रको रूपमा विकास गर्न सकिने औल्याएका छन् । चित्लाङका प्रशिद्ध पर्यटन व्यवसायी देवेन्द्र नेपालको संयोजनमा चित्लाङ आएको जिसीसहितको अनुसन्धानकर्ताहरूको टोलीले यस्तो संभावना पत्ता लगाएका हुन् । टोलीमा चराविद् जिसीसहित जया भण्डारी, युविन श्रेष्ठ र समिक्षा चौधरी सहभागी थिए । उनीहरू दुईदिनसम्म चित्लाङमै बसेर चराको खोजी र अनुसन्धान गरेका थिए । अनुसन्धानपछि थाहानगरको चित्लाङलाई चरा अध्ययन केन्द्रको रूपमा अगाडि बढाउन सकिने प्रारम्भिक निष्कर्ष निकालेको टोलीका युविन श्रेष्ठले जानकारी दिए ।

अध्ययनको क्रममा चित्लाङमा एउटै वडामा १ सय ४० प्रजातिका चराहरू पाइने पत्ता लागेको छ । वडा नम्बर ९ चित्लाङमा मात्र यतिधेरै प्रजातिका चरा भेटिनू 'वर्ड वाचिङ' गर्नेहरूका लागि ठूलो अवसर भएको श्रेष्ठले बताए । चित्लाङमा स्वदेश तथा विदेशबाट समेत आउने पाहुना चरा पनि भेटिएको उनले बताए । मुख्यतः जाडो छल्नका लागि भारतलगायत विभिन्न देशबाट चराहरू चित्लाङमा बसाई सरेर आउने गरेको अनुसन्धान टोलीले जानकारी दिएको छ । ति चराहरू चित्लाङमा महिनौ बस्ने टोलीकी जया भण्डारीले बताइन् ।



चित्लाङमा फेला परेको Chestnut-crowned Laughingthrush नामको चरा ।
फोटो सौजन्यः युविन श्रेष्ठ

अनुसन्धानपछि टोलीले १ सय ४० प्रजातिका चराहरूको विवरण नै तयार गरेको पर्यटन व्यवसायी देवेन्द्र नेपालले बताए । देवेन्द्र चित्लाङमा रहेको अर्गानिक भिलेज रिसोर्टका संचालक हुन् । अनुसन्धान टोलीले रिसोर्ट परिसरबाटै पनि चरा अवलोकन गर्न सकिने बताए । व्यवसायी नेपालले भने-'रिसोर्टबाटै ४५ प्रजातिका चरा अवलोकन गर्न सकिन्छ, ति चराहरूको लिस्ट अनुसन्धान टोलीले तयार गर्नु भएको छ ।' मनोरम प्राकृतिक छँटाले भरिपूर्ण साँस्कृति तथा एतिहाँसिक चित्लाङमा अब 'वर्ड वाचिङ'को पनि बाटो खुलेको नेपालले बताए । 'पर्यटकहरूका लागि 'वर्ड वाचिङ' अर्को खुराक थपिए छ, यसले थाहानगरको चित्लाङमा थप पर्यटक भित्र्याउन निकै मद्दत गर्नेछ'- नेपालले भने ।

काठमाण्डौबाट चन्द्रागिरी, चित्लाङ हुँदै दामनसम्मको रेन्च 'वर्ड वाचिङ'का लागि उपयुक्त ठाउँ भएको चराविद् सोम जिसीले बताए । जिसीले यसअघि पनि दामन सिमभन्ज्याङ क्षेत्रमा नयाँ प्रजातिको चरा फेला परेका थिए । उनका अनुसार अध्ययनको क्रममा संरक्षणको सूचीमा रहेको लुँईचे तथा मांशहारी प्रजातिका चरा चिल, बौडाई लगायतका थुप्रै प्रजाती समेत भेटिएको छ । 'चरा प्रेमीको लागि (वर्ड लभर्स) यो क्षेत्र निकै राम्रो छ'- उनको भनाई थियो । अनुसन्धानका क्रममा बकुल्ला, पौरी वाज, बौडाई, कालो चिल, काकाकुल, शिक्रा, बनवाज, सिम कुखुरा, मलेवा, तामे ढुकुर, कुर्ले ढुकुर, पहाडी हलसो, चित्रकुट, बिउकुहियो, कुथुर्के, सुनजुरे काठफोर, लट्ठुशक विरहीचरी, सानो तामे लाहाँचे, आली चुइयाँ, चरालगायतका प्रजातिका चरा भेटिएको जिसीले जानकारी दिए । त्यस्तै दुर्लभ स्ट्रेट हिरोन, डस्की थ्रस प्रजातिका चरा पनि चित्लाङमा भेटिएको जिसीले बताए । यि बाहेक चित्लाङका अन्य धेरै प्रजातिका रैथाने चराहरू रहेको उनको अनुमान छ । 'पहाडी भेगमा पाईने चरा अध्ययनको लागि सिंगो थाहानगर उपयुक्त छ ।' उनको भनाई थियो ।

## थाहानगरका किसानलाई
# आलु रोप्ने चटारो

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका प्रायः किसान आलु रोप्न व्यस्त छन् । महिला-पुरूष दिनभर बारीमै खटिन थालेका छन् । पुरूष खनजोत र महिला डोकोमा गाईभैंसीको मल बोक्न व्यस्त छन् । उनीहरूले रासायनिकभन्दा प्रांगारिक मल प्रयोग गरिरहेका छन् । रासायनिक मलले माटो पनि बिगार्ने र आलु पनि खनेपछि चाँडै कुहिने भएकाले आलु रोप्दा प्रांगारिक मल प्रयोग गर्नुपरेको किसानहरू बताउँछन् ।

'थाहा नगरपालिकाको १२ वटै वडाका बासिन्दा अहिले आलु रोप्ने काममा व्यस्त छन्,' नगरपालिकाका कृषि विकास अधिकृत सञ्जय तिवारीले भने, 'अहिले गाउँमा कसैलाई बोल्ने फुर्सदसम्म छैन ।' स्थानीयले वर्षौंदेखि आलु खेती गरिरहेका छन् । 'आलु खेती गर्न यहाँका बासिन्दा सामान्य प्राविधिकसरह ज्ञान राख्छन्,' तिवारीले भने, 'रोगका विषयमा कम जानकारी छ भने विषादी प्रयोगबारे पनि थोरै मात्र ज्ञान छ, अब त सबै सिकिसकेका छन्, आलु खेतीमा रासायनिक मल र विषादी प्रयोग गर्न हुन्न भन्ने कुरा जानकारी भइसकेको छ ।'

आलुलगायत तरकारी खेतीमा यस क्षेत्रका बासिन्दाले रासायनिक मल र विषादीको प्रयोग घटाएका छन् । 'प्रयोग गर्नुपरे पनि कृषि प्राविधिकसँग सल्लाह लिने गरेका छन्,' तिवारीले भने । किसानले अहिले कार्डिनल, डेजुरे, खुमल रातो, जनकदेव र कुखुरे ज्योति जातका आलुका बीउ लगाउने गरेका छन् ।

माघ दोस्रो सातादेखि आलु रोप्न सुरू हुन्छ । फागुन पहिलो सातासम्म आलु रोपेर सकिने किसानले बताए । तर एसपाली रासायनिक मल डि ए पि नपाउँदा भने किसान मर्कामा परेको तर नगरपालिका र संबंधित निकायले ध्यान नदिएको थाहा-२ का किसान शंकर लामाले गुनासो गरे ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०६७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### वर्गीय हैन विशिष्टीकृत बनाऔं

श्रमिक वर्गलाई लक्षित गरी विशेष अस्पताल खोल्नका लागि सरकारले गृहकार्य थालेको छ । मकवानपुरको चित्लाङमा समेत यस्तो अस्पताल निर्माणका लागि भौगोलिक अवलोकन गरेको टोलीको अध्ययन प्रतिवेदन बमोजिम चितवनमा शिक्षकहरूका लागि अस्पताल स्थापना गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । हाल निजामती कर्मचारीका लागि निजामती अस्पताल छ भने सेना र प्रहरीका लागि आआफ्नै अस्पताल सञ्चालित छन् । सरकारले सबै नागरिकलाई स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेमा वर्गैपिच्छै अस्पताल खोलेर गर्न आँटेको के हो ? भनी नागरिकस्तरमा प्रश्न उठाउन थालिएको छ । यो प्रश्न उचित पनि हो । नेपालको स्वास्थ्योपचार प्रणाली कमजोर छ । त्यसमा पनि सरकारी अस्पतालले दिने सेवाको गुणस्तर र सर्वसुलभतामा प्रश्न उठ्ने गरेको छ । यद्यपि धेरैजसो सरकारी अस्पतालमा कार्यरत जनशक्ति र भौतिक पूर्वाधार उत्कृष्ट रहेकोमा भने विवाद रहेको छैन । उच्च दक्षतायुक्त जनशक्ति भएर पनि सरकारी अस्पतालले पर्याप्त सेवा दिन नसकिरहेको अवस्थामा यसको क्षमता विस्तार गर्नुपर्नेमा सरकार जनवर्गका आधारमा अलग अलग अस्पताल खोल्न इच्छुक देखिएको छ । यसैगरी वर्गगत आधारमा अस्पताल खोल्दै जाने हो भने भोलि जनप्रतिनिधिका लागि अलग अस्पताल खोल्नुपर्ने आवाज समेत नउठ्ला भन्न सकिँदैन । निजामती अस्पताल, शिक्षक अस्पताल वा श्रमिक अस्पतालको माग त्यस क्षेत्रका संगठनहरूले माग गरेका हुन् । सेना र प्रहरीका लागि अलग अस्पताल भएको हुँदा त्यसैको सिकोमा विभिन्न वर्गका कर्मचारीले आआफ्नो वर्गका लागि अस्पताल माग गरेको हुन सक्छ । तर, सुरक्षा संवेदनशीलताका कारण विश्वभरि नै सेनाको अलग अस्पताल हुने गरेको छ । प्रहरी अस्पतालमा पनि विवादै गर्नुपर्ने कारण देखिँदैन । तर, निजामती कर्मचारीका लागि सुविधासहित अलग अस्पताल स्थापना भएपछि उनीहरूले सर्वसाधारणले उपचार गराउने अस्पताल सुधार गर्न चासो नदेखाउन सक्छन् । त्यसैले यस्तो सोचलाई तर्कसंगत मान्न सकिँदैन ।

निजामती अस्पतालले सर्वसाधारणको पनि उपचार गरिरहेको छ । भोलि खुल्ने शिक्षक वा श्रमिक अस्पतालले पनि यसै गरी सेवा देलान् तर यसले दिने सन्देश भने राम्रो हुँदैन । यस्तो वर्गीय सोचले राज्यले अस्पताल खोल्ने हो भने राज्य सबैको अभिभावक हो कि होइन भन्ने प्रश्न उठ्न सक्छ । संविधानले स्वास्थ्यको अधिकार स्थापित गरेको सन्दर्भमा सबैलाई समान अस्पतालमै उपचारको व्यवस्था गरिनुपर्छ । सरकारले सरकारी कर्मचारी, शिक्षक वा श्रमिकलाई विशेष सुविधा दिन सक्छ । त्यस्तो सुविधा दिने हो भने अलग अस्पताल होइन, सर्वसाधारणका लागि खोलिएका अस्पतालमै त्यस्तो सुविधा लिन सक्ने व्यवस्था गर्न सक्छ । अहिले स्वास्थ्य बीमा गरेकाहरूले जसरी सरकारी अस्पतालबाट उपचार गराउन पाइरहेका छन् त्यस्तै सुविधा यी वर्गलाई दिन नसकिने होइन । यसो गर्दा अस्पतालको स्तरीकरण र सुधारमा सबैको ध्यान जान्छ र सबैले उपचारको राम्रो सुविधा पाउन सक्छन् ।

वर्ग विशेषका लागि अस्पताल खोल्नुभन्दा विशेष प्रकृतिका अस्पताल खोल्नु बढी उपयुक्त हो । यस्ता अस्पतालमा रोग विशेषका बिरामीले विशेष उपचार पाउन सक्छन् । त्यतिमात्र होइन, रोग विशेषको दक्ष जनशक्ति एकै ठाउँमा बसेर उपचारका नयाँ नयाँ तरीका अपनाउन सक्छन् । रोग विशेषका उपकरण ल्याउन पनि सजिलो हुन्छ । साथै रोग विशेषको अनुसन्धानमा पनि यसले मद्दत पुऱ्याउँछ । यसो हुँदा वर्गविशेषका लागि अस्पताल खोल्नुभन्दा विशिष्टीकृत सेवाका अस्पताल खोल्नु निकै परिणाममुखी काम हुन्छ । अतः यस्ता अस्पताललाई विशिष्टीकृत अस्पताल बनाउनेतिर ध्यान जानु आवश्यक देखिन्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# उदय सरको प्रश्नमा साहित्यका ६ महारथीहरूको जवाफ


रमेश प्रसाद लामिछाने

१. साहित्यिक विधाहरू भन्ने बित्तिकै कविता, कथा, नाटक, उपन्यास, लेख, निवन्ध, जीवनी, संस्मरणका अनेकौं विभाग तथा शाखाहरूका किताबहरू भन्ने बुझिन्छ । यी मध्ये अन्तर्वाता कमैमा पाईन्छ । अझ एउटा किताबमा धेरै ब्यक्तिको अन्तर्वाता समेटिएको किताब झनै कम पाईन्छ । अन्तर्वातामा लेखकले आफ्नो धारणा प्रश्न सोध्दा मात्र प्रस्तुत गर्दा अपर्याप्त लागेर हुन सक्छ, भूमिकामा नै बिस्तृत जानकारी दिने प्रयत्न गरिएको पाईन्छ । हरेक खाद्य परिकारका भिन्न स्वाद भए जस्तै साहित्यमा पनि प्रत्येक विधाका आआफ्नै स्वाद हुनु अन्यथा होईन । उदय अधिकारी सरलाई चितवन र मकवानपुरमा मात्र नभै देशकै साहित्यिक भिडमा समेत सहजै पहिचान कायम गर्नुभएका एक अध्ययनशील र श्रृजनशील ब्यक्तित्व भन्नै पर्दछ । ब्यक्तिहरूको चित्र पहिचान र सामिप्यता भन्दा पनि चरित्रमा निकटताले भिन्न सम्वन्ध स्थापित गर्ने नै छ । यस आलेखमा उनै उदय सरको छ जना आदरणीय साहित्यिक महारथीहरूलाई "प्रश्न" मा समेटेर एकै किताबमा राष्ट्रिय अन्तराष्ट्रिय पहिचान कायम गरेका श्रष्टाहरूका विचार जान्ने अवसर प्रदान गर्ने महत्वपूर्ण कामलाई थोरै उजागर गर्ने प्रयत्न गरिएको छ ।

२. प्राध्यापक अभि सुवेदी सर त्रिभुवन विश्वविद्यालय अंग्रेजी विभाग र नेपालको साहित्यिक बगैंचाको जिम्मेवार र सुगन्धित फूलको अतिरिक्त विश्व साहित्य आकाशमा समेत आकर्षक र उल्लेख्य पहिचान बनाउनुभएको तथ्यमा कसैको बिमति छैन । उदय सरले ३६ वटा प्रश्नहरू मार्फत अभि सरको साहित्यिक र चित्रकला अनि सांगितिक संगै अनुवादक सहित ब्यक्तिगत जीवनलाई समेत वहाँकै भनाईबाट बाहिर ल्याउने काम गरेकाले हामी धेरैले केहि बुझ्ने महत्वपूर्ण अवसर पाएका छौं । "जन्तरे दाजु र डेरिडा" भन्ने निबन्धबाट शुरू भएको अभि सरको साहित्यिक यात्रामा राजनीतिले भने खासै प्रभाव पार्न नसकेको बरू कलाकारिताले मोहनी लगाएको र अंग्रेजी साहित्यकारको नामले चिनिने कविमा गणना हुनु नै महत्वपूर्ण पक्ष भन्नै पर्दछ । तेह्रथुममा जन्मिएका अभि सरले सिद्धिचरण श्रेष्ठ (काजी दाई) लाई सम पछि पाका कविको रूपमा भेटेको र मञ्जुललाई लगौंटे भन्दै भानुभक्त, मोतीराम, गोपालप्रसाद रिमाल, विजय मल्ल, लक्ष्मीप्रसाद देवकोटा, केदारमान ब्यथित, भुपी शेरचन, पारिजात, श्यामप्रसाद शर्मा, तारानाथ शर्मा, शंकर लामिछाने, इन्द्रबहादुर राई, इश्वर बराल, मोहन कोईराला लगायतका कविहरूका रचनाहरू मनपर्ने अनि सेक्सपियर,चेखब, ब्रेख्तका नाटकहरू फ्रेडरिक नित्से, सार्त्र, अर्नेष्ट हेमिवे, मार्खेज, कार्ल मार्क्स, हेगेल, लु सुन, र विन्द्रनाथ टैगोर लगायतकाको रचनाहरूबाट अकर्षित भएको धारणा राख्दै हाल आत्म कथा लेखिरहेको सन्देश पनि उक्त अन्तर्वातामा भन्नुभएको छ । ३. प्रगतिशील लेखकको सूचीमा अग्रपंक्तिका कवि नारायण ढकालको कुनै न कुनै श्रृजना नपढ्ने ब्यक्ति साहित्यको आफन्त बन्नै सक्दैन । गाउँ विकास समितिको अध्यक्ष र जिविसको उपसभापति अनि सांसद समेतको पहिचान बनाएका नारायण सरलाई मार्क्सवादी भएकै कारणले प्रगतिशिल साहित्यप्रतिको झुकाव, मार्खेजको फयान, श्यामल मनपर्ने कवि र गोर्की तथा लु सुन संगै दस्तोएवस्कीबाट धेरै सिकेको कुरा उदय सरका ३६ वटा प्रश्नहरू भित्रै पढ्न सकिन्छ । आत्महन्ता, हजारीपालहरू, पीतसंवाद, दुर्भिक्ष, प्रेतकल्प, आदिका लेखक नारायण सर आफू मार्क्सवादी भएको तर सरकारी मार्क्सवादीप्रतिको घृणा तिखो रूपमा गर्न रूचाउने यी कवि नेपालीमा माधवी, लक्ष्मी निवन्ध संग्रह,त्यस बखतको नेपाल आदि अनि विदेशीमा द गड्स अफ स्मल थिङ्स, युद्ध र शान्ति, अपराध र दण्ड, पिता र पुत्र, अ फेरवेल टु आर्म्स, स्नो, अ म्यान अफ द पिपुल, वान हन्ड्रेड ईयर्स अफ सलिच्युड, आदि मनपर्ने श्रृजनाहरू भन्न भ्याउनु भएको छ । विचारमा स्पष्ट र ब्यवहारमा आत्मनिष्ठ देखिने नारायण ढकालको साहित्यिक योगदानबारे चर्चा गर्ने हो भने भिन्नै मोटो किताब तयार बन्ने नै छ ।

४. सरूभक्त भट्ट हेर्दा दार्शनिक जस्तो देखिने र साहित्यको सामान्य विद्यार्थीले पनि सहजै चिन्ने तर वास्तविक नाम भक्तराम श्रेष्ठ धेरैलाई जानकारी नभएको एक प्रयोगशील कविका रूपमा स्थापित ब्यक्तित्व भन्दा अत्युक्ति नहोला । उदय सरले १३ वटा प्रश्नहरू मार्फत सरूभक्तलाई बुझ्न थप सहज बनाएको प्रस्तुत "प्रश्न" मा विजय मल्लको बौलाहा काजीबाट प्रभावित भएर शिशिरका अन्तिम दिनहरू नामको नाटक लेख्ने नाटककारले असिना पग्लन्छ भन्ने नाटकबाट प्रारम्भ गरेको साहित्यिक यात्रामा अहम् शुन्यवादको अवधारणाको विकाससंगै पागलबस्ती, तरूनी खेती, समय त्रासदी नामका उपन्यास सहित अनेकौं कविता, गजल, गित र मुक्तक लेख्नु भएको छ । परीक्षामा नबस्ने विद्यार्थीको पहिचान बनाएका सरूभक्त सेक्सपियर, बर्नाड शा, ईब्सेन, चेखब, ब्रेख्त, सामुयल बेकेट, आयोनेस्को, थोर्टन उल्डर, आर्थर मिलर, पिरान्डेलो,लगायतकाको नाटक पढ्न रूची राख्ने साहित्यको बहुविधामा हस्तक्षेप गर्ने विरलै मध्ये एक कवि स्विकार्नै पर्दछ । प्रज्ञा प्रतिष्ठानको सदस्य बन्दा साहित्यकारहरू स्वतन्त्र नै रहनुपर्नेमा जोड दिएका सरूभक्तको रोजाईका पुस्तकहरूमा महाभारत, युद्ध र शान्ति, ह्यामलेट, हिस्ट्री अफ वेस्टर्न फिलोसफी, दास क्यापिटल, गान्धीको आत्म कथा, रामायण, मुनामदन, आदि परेका छन् ।

५. हरिहर अधिकारी भन्दा कमैले चिन्ने तर नेपाली साहित्यमा सशक्त कविको रूपमा श्यामलको नामले भिन्न पहिचान कायम गरेको भेटिन्छ । भानुभक्त, लेखनाथ, देवकोटा, रिमाल, भूपी जस्ता साहित्यकारहरूका रचनाबाट आकर्षित श्यामल छन्दोबद्ध कविताका अतिरिक्त निवन्ध, उपन्यास, चित्रकला र अनुवादमा सहजै देख्न सकिन्छ । एपिक थिएटरको अवधारणा ल्याउने नाजी जर्मनीका विरूद्ध संघर्ष र विश्वासका कवि ब्रेख्तका कविताहरू अनुवाद गरेर प्रगतिशील कविको रूपमा स्थापित ब्यक्ति श्यामललाई उदय सरले प्रस्तुत किताबमा १५ वटा प्रश्नहरू मार्फत गहिरोगरि खोतल्ने प्रयत्न गरेको देखिन्छ । प्रगतिशील साहित्यलाई नेता वा दल विशेषको कमारोको घेराबाट बाहिरिएर बुझ्न पर्छ भन्ने सन्देश सहित थोत्रो च्यातिएको बिदेशी कम्बलले यहाँको बौद्धिक जाडो छल्ने संस्कारको तिखो आलोचक श्यामल वैचारिक रूपले सतिसाल झैं उभिने कवि भन्दा बिमति नहोला । कालीदास, मार्खेज, गोर्की, सेक्सपियर, लु सुन, टाल्सटाय, नाजिम हिक्मत, एलेन गिन्स्वर्ग, चेखव, पामुक, मण्डेला, लगायतका विश्व प्रशिद्ध कविहरूका र चनाका अतिरिक्त नेपालका थुप्रै कविहरूका श्रृजनालाई मनपराउने श्यामल मार्क्सवादी विद्यार्थीको अतिरिक्त आफुलाई स्वतन्त्र कवि भन्न रूचाउनुहुन्छ ।

६. कविताबाटै साहित्यिक यात्रा शुरू गरेपनि गीतकारको पहिचान बनाएका श्रवण मुकारूङलाई आफ्नैपनको सरलता रूचाउने संघर्षशील कवि भनिन्छ । हेपिएका र उपेक्षितहरू जस्तै बिसे नगर्चीको बयान, राम भरोस आफ्नो अनुहार खोजिरहे छ,जस्ता कृति मार्फत कमलरीहरू समेतको भावनालाई उजागर गर्न रूचाउने श्रवण मुकारूङलाई "प्रश्न" मा २९ वटा प्रश्नहरूबाट उदय सरले कविको निजि तथा साहित्यिक जिवन सक्दो बाहिर ल्याउने प्रयत्नलाई प्रशंशा गर्नै पर्दछ । खासगरी जाति, भाषा, धर्म, वर्ण, लिङ्ग, भूगोल, राजनीतिका पृष्ठभूमीमा हुनेगरेका तमाम विभेदका विरूद्धमा उभिदैं पहिचानका मुद्धामा सजग देखिने कवि श्रवणले यलम्वर, देश खोज्दै जाँदा, कविता संग्रहका अतिरिक्त धेरै त गीतहरू श्रृजना गरेका छन् । प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभामा लगेर समोसा प्राज्ञकै रूपमा थन्क्याएको सबाललाई मौन समर्थन गर्ने कवि श्रवण अग्रज श्रष्टाहरू मोहन कोईराला, वैरागी काँईला, गोपालप्रसाद रिमाल, भूपी शेरचन, सहित विप्लव ढकाल, रमेश पौडेल, नविन सुब्बा, रमेश के.सी., अनुप बराल, शान्तिराम राई, उपेन्द्र सुब्बा, रक्षा राई, तीर्थ संगम, धर्मेन्द् विक्रम नेम्वाङ, राजन मुकारूङ आदि कविहरूका रचनाहरू उत्कृष्ट भएको दावी गर्नुहुन्छ ।

७. मनु मञ्जिलको नाम नेपाली साहित्यमा चिनाईरहनु पर्ने ब्यक्ति होईन । भी. एस. नईपल, सेक्सपियर, इलियट, वाल्ट ह्विटम्यान, लु सुन, मार्खेज, मार्टिन लुथर किङ्ग, अर्नेष्ट हेमिङ्ग वे, देवकोटा, भूपी, वैरागी काँईला, रि माल, अचेवे, डी.एच. लरेन्स, रबर्ट फ्रस्ट आदि कविका रचनाहरू रूचीका साथ अध्ययन गर्ने मनु आफैंमा कविता, कथा, उपन्यासका रचनाकार सहित अंग्रेजी साहित्यका अनुवादकको रूपमा महत्वपूर्ण ब्यक्तित्व भन्नै पर्दछ । अलग बाटो नहिंडे फरक आउँदैंन भन्ने मनु गरिब बसाईं

*बाँकी पेज ३ मा*

# यि हुन् प्रेमभाव उत्पन्न हुने अवस्था

प्रेम भावनाहरूको संगालो हो, चामत्कारिक भाव हो । मानव इतिहासमा धेरै बहस भएको विषय हो प्रेम । तर अहिलेसम्म कसैले पनि यही नै हो भनेर पुष्टि गर्न सकेको छैन । अनुभूतिको सुन्दर कल्पना प्रेम हो । जुन आफैंमा रोमाञ्चक र तरंगित हुन्छ । जीवनमा एकपटक सबैलाई प्रेम हुन्छ, अर्थात् प्रेममा पर्छन् हरकोही ।

तर प्रेम हुन हर्मोन चाहिन्छ । हर्मोनबिना प्रेम अंकुराउन सक्दैन । प्रेमभाव उत्पन्न हुनका लागि मानव शरीरमा हर्मोन हुनु आवश्यक छ । जसलाई अक्सिटोसिन हर्मोन भनिन्छ । कसैलाई देख्दा, संगत गर्दै जाँदा, रोमान्स गर्दा, कसैसँग समय बिताउँदा अनौठो महसुस हुन्छ । जुन सुन्दर र कल्पित हुन्छ । यस्ता प्रेमभाव जगाउने काम गर्छ अक्सिटोसिन हर्मोनले । यसले मानव मन मस्तिष्कमा प्रेमभाव पैदा गराउन महत्वपूर्ण भूमिका खेल्छ ।

मानव शरीरमा रहेको अक्सिटोसिन नामक हर्मोनले मानव व्यवहारलाई प्रभावित गर्ने काम गर्छ । यसले मानिसमा प्रेम, सहानुभूति, उदारता, यौन, लगाव र सम्बन्ध बनाउने जस्ता कुरामा महत्वपूर्ण भूमिका खेल्छ । यसलाई लभ हर्मोन पनि भनिन्छ ।

अक्सिटोसिनले सम्बन्ध बनाउन र भावना पैदा गराउन अहम् भूमिका खेल्छ । शरीरमा अक्सिटोसिन हर्मोन पैदा हुँदा मन मस्तिष्क तरंगित हुने गर्छ । जसका कारण यसले हाम्रो मुडमा सकारात्मक असर गर्छ ।

अक्सिटोसिन हार्मोनको उत्पादन मस्तिष्कको सानो भाग हाइपोथालेमसबाट हुन्छ र मस्तिष्कको पोस्टिरियर पिट्युटरी लोबले यसलाई सञ्चार गर्ने काम गर्छ । अक्सिटोसिन हर्मोनलाई मात्रै नभई डोपामाइन र सेरोटोनिन हर्मोनलाई पनि खुसी हर्मोनका रूपमा लिइन्छ ।

कुनै व्यक्तिप्रति आकर्षित हुँदा मस्तिष्कले डोपामाइन हर्मोन उत्पादन गर्छ, जसका कारण सेरोटोनिनको स्तर बढ्छ र अक्सिटोसिन बन्छ । अक्सिटोसिनले सकारात्मक भावना मात्रै पैदा गराउँदैन यसले समयअनुकूल आफूलाई व्यक्त गर्न निर्देशनसमेत दिन्छ । मनोविश्लेषक डा. बासु आचार्य हर्मोनले मानव मन मस्तिष्कमा प्रेमभाव पैदा गराउने मात्रै नभई मानिसलाई खुसी, दुःखी र रोमाञ्चित महसुस गराउन महत्वपूर्ण भूमिका खेल्ने बताउँछन् ।

'हर्मोनले मानव मन मस्तिष्कमा प्रेमभाव पैदा गराउनेदेखि खुसी, दुःख, संवेदनासमेत प्रकट गराउने काम गर्छ,' डा. आचार्य भन्छन्, 'हर्मोनबिना मानव मन मस्तिष्क राम्ररी चल्न सक्दैन ।' प्रेमभाव उत्पन्न गर्ने हार्मोनसम्बन्धी मनोविश्लेषक डा. वासु आचार्यको जवाफ यस्तोछः

***प्रेमभाव जगाउन हर्मोनले कस्तो भूमिका खेल्छ ?***

– हर्मोनकै कारण मानिसमा प्रेमभाव उत्पन्न हन्छ । हर्मोनले प्रेमभाव मात्रै पैदा गराउँदैन, यसले सुख, खुसी, दुःख, संवेदना आदि प्रकट गर्न महत्वपूर्ण भूमिका खेल्छ । हर्मोनले मन र शरीरको क्रियाकलापको तालमेल मिलाउने काम गर्छ । हर्मोनको अभावमा मानव मस्तिष्कले राम्ररी काम गर्न सक्दैन ।

**कस्तो अवस्थामा मान्छेमा प्रेमभाव उत्पन्न हुन्छ ?**

– सोचेजस्तो, खोजेजस्तो र कल्पना गरेजस्तो मान्छे देख्दा, भेट्दा मान्छेको मनमा हर्मोन पैदा हुन्छ । हर्मोन तथा केमिकलले काम गर्दा मान्छेमा प्रेमभाव उत्पन्न हुन्छ । उसले चाह्यो भने त्यस्तो बेला प्रेमभाव व्यक्तसमेत गर्न सक्छ । यी सबै कुराहरू हर्मोनको सकारात्मक प्रभावका कारण हुन्छन् ।

आफूले खोजेको जस्तो सोचेको जस्तो मान्छे भेटिंदा र माहोल मिल्दा उसमा इच्छा र कामावृति जागृत हुन्छ । प्रेम हुन बाहिरी सुन्दरताभन्दा आत्मिक सुन्दरता आवश्यक पर्छ ।

**मन पराउनु र प्रेमभाव जाग्नु कति फरक कुरा हो ?**

– मन पराउनु र प्रेमभाव जाग्नु निकै फरक कुरा हुन् । प्रेम हुन भावना पैदा हुनुपर्छ । मन पराउनु, इच्छा जागृत हुनु र प्रेममा समर्पित हुनुमा धेरै अन्तर छ ।



चुज गर्ने र दिल दिने भन्ने कुराले धेरै ठूलो अर्थ राख्छ प्रेममा । प्रेममा अनुहारको सुन्दरतालाई भन्दा मनभित्रको सुन्दरतालाई प्राथमिकता दिने हो, व्यवहारलाई माया गर्ने हो । साँचो प्रेम हुनेहरूको दोस्ती मिल्छ, मन, विचार र भावना मिल्छ ।

चुज गरेर भएको प्रेम क्षणिक हुन सक्छ । प्रेम आकर्षण होइन । आकर्षणबाट सुरू भएको प्रेम लामो समयसम्म टिक्दैन । प्रेम हुन सुन्दर आभास हुनुपर्छ र त्यो मनभित्रबाट पलाएको हुनुपर्छ । प्रेमलाई कामावृत्ति बनाउनु तथा सोच्नु हुँदैन ।

**खानपान र जीवनशैलीले हर्मोनमा असर गर्छ कि गर्दैन ?**

– हर्मोनलाई केमिकल पनि भनिन्छ । हाम्रो खानपान र जीवनशैलीले हर्मोनमा प्रभाव पार्छ । प्रेमभाव जोगाउने अक्सिटोसिन हर्मोन बचाउनका लागि कुलत र विषाक्त खानेकुराबाट टाढा रहनुपर्छ ।

---

## उदय सरको प्रश्नमा... .. . .

सरे पनि पुग्ने अर्को झुपडिमा हो भन्दै साहित्यिक विधाहरूको गहिरो अध्ययनको अभावप्रति चिन्तित देखिनुहुने कविलाई २४ वटा प्रश्नहरू मार्फत आम पाठकहरूका माझमा सहज प्रवेश गराउने कामको प्रशंशा गर्नै पर्दछ । अन्तमा, प्रस्तुत अन्तर्वाताको सँगालो "प्रश्न" मा उदय अधिकारी सरको छनौटका साहित्यिक शिर्ष ब्यक्तित्वहरू संगको सबाल जवाफ पढिरहुँ लाग्ने मात्र हैन, आफ्नो रूचीका कवि र उनीहरूका रचनाका बारेमा सम्वन्धित कविहरूको रोजाईका जवाफले सय भन्दा बढि अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त कविहरूको नाम र उनीहरूका श्रृजनाको सार समेत थाहा पाउने अवसर यो किताबको अर्को महत्वपूर्ण उपलब्धि भन्नै पर्दछ । आगामी दिनमा थप साहित्यिक रथि, महार थिहरूलाई अझ तिखा सबाल जवाफहरूमा भेट्न पाईयोस भन्ने अपेक्षा सहित उदय सरको यो यात्राको सफलताको कामना गर्दछु ।




## मुखको क्यान्सरका यि हुन् १० लक्षण

**मुखको क्यान्सरका लक्षणः**

मुखको क्यान्सरको कुनै यही नै चिन्ह वा लक्षण हुन्छ भनेर भन्न नसकिए पनि साधारणता निम्न लक्षण देखिन्छन्ः

- मुखमा दाग, धब्बा वा पत्र देखिनु
- स्वाद फरक पाउनु
- घाँटीमा गिर्खाहरू देखा पर्नु
- नदुख्ने वा दुख्ने घाउ, खटिरा देखिनु
- अस्वभाविक रक्तस्राव हुनु
- मसलादार खाना खाँदा पोल्नु
- खान, निल्न, पिउन अप्ठ्यारो हुनु
- घाउ, खटिराको आकार बढ्दै जानु
- र्याल बढी आउनु
- खान, निल्न, पिउन अप्ठ्यारो हुनु

**रोकथामका उपायः**

- सूर्तीजन्य पदार्थको सेवन नगर्ने
- मद्यपान नगर्ने
- संक्रमणको उपचार गर्ने
- दीर्घकालीन चोटपटक, घर्षणबाट मुक्त रहने
- राम्रोसँग मुखको सफाई गर्ने, बेलाबेलामा कुल्ला गर्ने
- दाँतको समस्याको बेलैमा उपचार ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# किसानसंगै खेतबारीमै रमाउने मकवानपुरका कृषि प्राविधिक चौधरी

◆ हरि हुमागाई/मकवानपुर

सिराहा जिल्ला सखुवानकट्टी गाउँपालिका वडा नम्बर–५ महेशवारी घर भएका ४१ वर्षिय चन्द्रकान्त चौधरी हाल मकवानपुरगढी गाउँपालिकामा कृषि अधिकृत हुन् । घर तराइका जिल्लामा भएपनि उनले मकवानपुरमा धेरैवर्ष कृषि प्राविधिकका रूपमा काम गरिसकेका छन् ।

सधै किसानसंग मात्र रमाउन चाहने चौधरी अहिले कृषि साखाको प्रमुखको जिम्मेवारी समेत समाल्नु परेको छ । उनको हरेक दिन किसानको हितका निम्ति काम बित्ने गरेको छ । २०६० साल देखि कृषि सेवामा प्रवेश गरेका चौधरीको शुरूको नियुक्ति बाली विकास निर्देशनालय हरिहर भवन अन्तर्गतको कपास विकास शाखामा भएको हो । त्यसपछि क्षेत्रीय वीउ विजन प्रयोगशाला हेटौडा मकवानपुर, सुन्दरपुर कञ्चनपुर, जिल्ला कृषि विकास कार्यालय मकवानपुर, रसुवा हुँदै अहिले मकवानपुरगढी गाउँपालिका, मकवानपुरमा कार्यरत छन् । उनको जागिरे जिवनको धेरैवर्ष भने मकवानपुरमै बित्यो ।

उनले कार्यालयहरूको प्रकृति अनुसार तथ्यांक कम्पाइलेशन, वीउको गुणस्तर नियमन नियन्त्रण, कृषि प्रसार सेवा प्रवाह गरि तीन थरिका कार्यालयहरूमा काम गर्ने अवसर प्राप्त भई तीनै थरिको अनुभव बटुल्ने अवसर प्राप्त भयो । यी सवै कार्यालयहरूमा असिस्टेन्टको रूपमा काम गरे र कार्यालयले दिएको जिम्मेवारी आफूले जानेबुझेसम्म समयमै कार्य सम्पन्न गर्नमा सहयोग गरको बताउँछन् । उनी भन्छन्–'सरकारी सेवामा काम हुदैन घाम तापेर दिन बिताउँछ तर मैले कहिल्यै पनि त्यस्तो दिन भोग्नु परेन काम नपाएर कहिल्यै बस्नु परेन जहिले पनि कामको चाप उत्तिकै देख्छु र तोकेको जिम्मेवारी भन्दा पनि केहि अतिरिक्त क्रियाकलापहरू गदै जानुपर्छ भन्ने अनुभव प्राप्त गरेको छु ।'

उनी एउटा कृषि प्राविधिक भएको नाताले कृषकहरूले भोगिरहेको समस्या कृषकको खेतबारीमै पुगेर समस्याको समाधान गर्नुपर्छ भन्ने मान्यताका साथ प्रायःजसो कृषकहरूको खेतबारीमा पुगिरहनुहुन्छ । किसानको खेतबारीमा पुग्दा कृषकहरू उत्प्रेरित भई खेतबारीमै प्राविधिक सेवा उपलब्ध भएपछि व्यवसायिक खेती तर्फ आकर्षिक भएको देखिन्छ भन्ने कृषकहरूको खेतबारीमा पुग्दा खास समस्याको वारेमा प्रत्यक्ष अवलोकन गरि समाधानको उपायहरूको वारेमा कृषकहरूलाई जानकारी गराई समाधान गर्ने प्रयास गरिरहेको पाइएको छ । कृषकहरू धेरै अनुभवी हुने भएकोले उनीहरूबाट पनि धेरै कुराहरू सिक्ने अवसर प्राप्त भएको चौधरी बताउँछन् । कृषकहरूको खेतबारीमा पुग्दा एकातिर कृषकहरूले आफ्नै खेतबारीमा प्राविधिक सेवा पाएर खुशी भई उत्साहित हुन्छन भने आफूले दिएको सेवाले कृषकहरूको व्यवसाय विस्तार भई स्वरोजगार हुनुको साथै कृषकहरूको आम्दानीमा वृद्धि भएको देख्दा उनलाई आत्मसन्तुष्टि हुने बताउँछन् ।

प्राविधिकले दिएका सल्लाह सुझाव अनुसार सवै कृषकहरूलाई शुरूमै नयाँ प्रविधि ग्रहण गर्न गाह्रो मानिरहेको हुन्छ । तथापि अगुवा कृषकहरू एकैपटकमा ग्रहण गरि प्रविधिमैत्री विधि अपनाई आफ्नो कृषि व्यवसाय विस्तार गरिरहेका छन् र अगुवा कृषकहरूको सफल भएपछि साना कृषकहरू पनि पछि पछि प्रविधिमैती खेती तर्फ आकर्षिक भैरहेको देखिन्छन् । वास्तवमा विभिन्न बालीको खेती गर्दा कृषकहरूले विभिन्न रोग, किरा, खाद्यतत्वको कमी, प्राकृतिक प्रकोप लगायतका समस्याहरू भोगिरहेका हुन्छन् । उक्त समस्या समाधानको लागि कृषकहरूमाझ जनचेतना जगाउने र आईपरेका समस्याहरूको स्थलगत अनुगमन गरि समस्याको पहिचान गरि समाधान गर्ने प्रयास गर्ने गरिएको उनले अनुभव सुनाए ।

आम किसानहरूलाई नयाँ प्रविधि सम्बन्धी जानकारी एवम् विभिन्न रोगकिराबाट हुने नोक्सानीको विषयमा कृषि प्रसारका विभिन्न माध्यमहरूबाट जानकारी गराउने कार्य गरिरहेको उनी बताउँछन् वडा वडामा रहेका कृषि प्राविधिकहरू मार्फत कृषक समूह, सहकारीमा बैठक, तालिम, साथै रेडियो, पत्रपत्रिका एवम् सामाजिक संजाल मार्फत समेत जानकारी दिने कार्य गरिरहेको उनले बताए ।

नेपालमा साना साना किसानको बाहुल्यता रहेको र जग्गाको खण्डीकरणले गर्दा कृषिमा व्यवसायिकता हुन नसकेको यथार्थ उनले सुनाए । बिगत केही वर्षदेखि कृषि क्षेत्र व्यवसायिक उन्मुख रहेको देखिन्छ र यसलाई थप व्यवसायिक बनाउदै लैजानु पर्ने बताउँछन्

कृषि क्षेत्रमा जुन रूपमा व्यवसायिकरण हुनुपर्थ्यो त्यो हुन नसकेको बताउँदै उनी भन्छन्–'अहिले केही ठाउँहरूमा विशेष गरि तरकारी उत्पादनको क्षेत्रमा व्यवसायिकरण हुँदै गईरहेको देखिन्छ र यो हावापनी सुहाउँदो सबै बालीहरूको व्यवसायीकरणसँगै औद्योगिकीकरण गर्दै लैजानुपर्दछ । कृषि क्षेत्रको व्यवसायीकरण हुन नसक्नुको धेरै कारणहरू रहेका छन् । मुख्य कारणहरूमा खेतीयोग्य जमिनको खण्डीकरण, जग्गाको वर्गीकरण हुन नसक्नु, पुँजीको अभाव, खेतीयोग्य जमिनमा सिंचाई उपलब्ध नहुनु, समयमा मल, वीउ लगायतका उत्पादन सामाग्री उपलब्ध हुन नसक्नु, उत्पादनको उचित भण्डारण र बजार सुनिश्चितता नहुनु नै व्यवसायीकरणको मुख्य वाधक हो ।'

नेपालमा कृषिजन्य उत्पादनमा खाद्यान्नको बर्चश्व प्रमुख रहेको भएपनि आजसम्म नेपालको कृषि क्षेत्रले खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न नसकेको यथार्थ छ । यसको मतलव कृषि क्षेत्रमा काम नभएको पनि होइन । पहिलाको तुलनामा खाद्यान्नबालीको उत्पादन र उत्पादकत्व बढेको देखिन्छ र उत्पादकत्व अझै पनि बढाउन सक्ने प्रशस्त आधारहरू पनि छन् । तथापी खेतीयोग्य जग्गा घडेरीकरणमा परिणत हुनु, जनसंख्या वृद्धि, दिनानुदिन जग्गा बाँझो हुँदै जानु र अन्य विकसित मुलुकको तुलनामा उत्पादकत्व कम हुनु नै मुख्य कारण हो । उनले गरेको सेवा अवधिमा मकवानपुर जिल्लामा रहेर सेवा गरेको आधाभन्दा धेरै भैसक्यो । यस जिल्लाको हावापानी अरू जिल्लाको भन्दा धेरै नै विविधता रहेको बताउँदै उहाँ भन्नुहुन्छ–'तराई देखि हिमाल सम्मको हावापानी भएको भौगोलिक बनावट रहेको छ र हावापानी अनुसार धेरै किसिमका बालीहरू खाद्यान्न, दलहन, तेलहन, फलफूल र तरकारी बालीहरू मौसमी तथा बेमौसमी रूपमा उत्पादन भैरहेका छन् ।' मकवानपुरमा पनि ठाउँ विशेष केही स्थानहरू नेपालमै नाम चलेका उत्पादनहरू पनि रहेको छ । जस्तै हाँडीखोलाको तरकारी, बेमौसमी तरकारीको लागि थाहा नगरपालिका, भीमफेदीको गाँजर, सिस्नेरीको सुन्तला, मकवानपुरगढीको गोलभेडा आदि ।





मकवानपुर यस जिल्लाका किसानहरू धेरै नै अनुभवी हुनुहुन्छ । लामो समयदेखि तरकारी र अन्न खेती गरिरहेका किसानलाई प्राबिधिकले धेरै कुरा सिकाईरहनु पर्दैन । पहिला देखि नै निरन्तर रूपमा खेती गर्दे आईरहेका किसान धेरै छन् । तरपनि समय परिवर्तनशील हुन्छ । जलवायुमा केहि परिवर्तन भएको छ, नयाँ नयाँ प्रविधिहरूको विकास र विस्तार निरन्तर भैरहेको हुन्छ । पहिलाको तुलनामा माटोको उर्वराशक्तिमा ह्रास हुँदै गईरहेको देखिन्छ । त्यसैले अवका दिनहरूमा कृषकहरूले व्यवसायिक योजना बनाई, बालीपात्रो अनुसार माटोको परिक्षण गरि गराई माटोको सुधार गरेर हावापानी सुहाउँदो बालीको प्रविधिमैत्री खेती गर्दा किसानहरू बढी लाभान्वित हुने उनको सुझाव छ ।

किसानको खेतवारीमा पुग्दा किसानले गरिरहेको क्रियालापहरू र भोगिरहेको समस्याहरू प्रत्यक्ष रूपमा अवलोकन गर्ने र अन्तरक्रिया गर्ने उहाँको दैनिकी जस्तै हो । किसानले भोगिरहेको समस्याहरूको बारेमा छलफल गरि तत्काल समाधानको उपाय भन्न पाउँदा र किसान खुशी भएको देख्न पाउँदा मन आनन्दीत हुने उनी बताउँछन् । अब किसानहरूले परम्परागत निर्वाहमुखी खेती पद्धतीलाई क्रमशः व्यवसायिक बनाउँदै लैजानु, व्यवसायिक खेती गर्दा अरूको लहै लहैमा लागेर जथाभावी लगानी नगर्नु, व्यवसाय शुरूवात गर्नुभन्दा पहिला आधारभूत प्राविधिक ज्ञान हासिल गरेर, बुझेर, सिकेर, मात्र व्यवसाय शुरूवात गर्नु, स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गरि प्रविधिमैत्री खेती गर्नु र कृषिलाई एउटा व्यवसायको रूपमा स्थापित गर्नुपर्ने उनी देख्छन् ।

अहिले वास्तविक किसान भन्दा पनि पहुँचवाला किसानले अनुदान पाएको समाचारहरू विभिन्न संचारमाध्यममा आईरहेको देखिन्छ । सबैले आ–आफ्नो ठाउँबाट सकारात्मक सोच, दुढ ईच्छाशक्ति र लगनशील भएर काम गर्यौ भने यस्तो समस्या नआउने उनी बताउँछन् । स्थानीय जनताले प्रत्यक्ष अनुभूत गर्न सकिने सबैभन्दा नजिकको सरकार भनेको स्थानीय तह हो ।

मकवानपुरगढी गाउँपालिकाले वास्तविक किसानलाई ध्यानमा राखेर अनुदानको कार्यक्रमहरू संचालन गरि रहेका छन् । स्थानीय तह संचालन भएको करिब पाँच वर्ष बित्न लाग्यो । यस गाउँपालिकाले हालसम्म संचालन गरेको अनुदानको कार्यक्रमहरूमा सबै वास्तविक किसानलाई मात्र समेटेको उनले बताए ।

कृषिमा भईरहेको अनुदान प्रणालीलाई सुधार गर्न पहिचान सहितको किसान वर्गीकरण र वर्गीकरणको आधारमा अनुदान गर्नुपर्ने, अहिले उत्पादन सामाग्रीमा अनुदान दिईरहेकोमा क्रमशः उत्पादनमा आधारित अनुदान प्रवाहको किसानका अनेक समस्याहरू हुन्छन ।

किसानहरूको खेतबारीमा पुग्ने र समाधानको उपाय बताउने आफ्नो कर्तव्य रहेको बताउँदै उनी भन्छन्–'मकवानपुरगढी गाउँपालिकामा किसानहरूको समस्या समाधानका लागि हरेक वडामा कृषि प्राविधिकको व्यवस्था गरेको छ र ती प्राविधिकहरू मार्फत किसानहरूको समस्या बझ्ने र समाधान गर्ने कार्य गरिरहेका छौ । कतिपय समस्याहरू पालिकास्तर बाटै समाधन भईरहेको छ भने पालिकास्तरबाट समाधान हुन नसकेको विषयहरूमा प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरेर समाधान गरिरहेको छौ ।'



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# निर्माण कार्य अन्तिम चरणमा, समुदायमा उत्साह थपिँदै

## चन्द्रागिरी सडक



◆ विकास संवाददाता

ठेक्का लागेको चार वर्षमा बन्न नसकेको चित्लाङ-थानकोट सडक (गणेशमान सिंह मार्ग)को काम सरोकार समितिको सहजीकरणपछि डेढ वर्षमै पूरा हुन लाग्दा समिति थप उत्साहित बनेको छ। ठेक्का प्रक्रियाबाट कार्यान्वयित भए पनि स्थानीय समुदायको सहभागितामा सरोकार समिति गठन गरेर निगरानी गर्दा गुणस्तर र प्रभावकारी काम हुन सक्छ भन्ने उदाहरण नै बनेको छ चित्लाङ-चन्द्रागिरी-थानकोट सडक सरोकार समिति ।

अघिल्लो वर्षको साउनमा गठित सरोकार समितिले निरन्तर र अथक काम गर्दै जाँदा डेढ वर्षको अवधिमा अहिले पहिलो ठेक्काको काम लगभग अन्तिम चरणमा पुगेको सरोकार समितिका सदस्य रामशरण नेपालले थाहाटाइम्सलाई बताए । 'थानकोटको पानीघाटदेखि चन्द्रागिरी भञ्ज्याङसम्मको चट्टानी पहाड छिचलेर सडक फराकिलो पारिएको छ र सहजै गाडी चल्ने गरी निर्माण गरिएको छ। अहिले राम्चेदेखि खोल्चीको बीचमा नयाँ ट्र्याकमा काम भइरहेको छ' उनले भने ।

समुदायको तर्फबाट अगुवाइ गरिरहेका संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीले अब दुईदेखि तीन साताको बीचमा सडक 'क्लियर' हुने बताए । केही ठाउँमा कटिङ गर्ने, र `डियस मिलाउने, ग्रेडिङ गर्ने, ग्राभेल हटाउने जस्ता काम बाँकी रहेको र त्यसपछि पहिलो ठेक्काको काम सकिने उनले जानकारी दिए ।

अब पहिलो चरणको सडक निर्माणको काम सम्पन्न हुने चरणमा पुगेकोले यसबीच व्यापक जनसहभागिता जुटाउने र दोस्रो चरणको ठेक्काको लागि डिभिजन सडक कार्यालयमार्फत् प्रक्रिया अघि बढाउने सरोकार समितिको तयारी छ । यसबीच सरोकार समितिमार्फत् भएका खर्चहरूको व्यवस्थापनका लागि स्थानीय



समुदायका व्यक्ति तथा संस्थाहरूबाट आर्थिक सहयोग जुट्ने क्रम पनि चलिरहेको छ ।

पछिल्लो समय चित्लाङ-चन्द्रागिरी- थानकोट सडक निर्माण अभियानमा ओम अध्याय रिट्रीट प्रा.ली.- (अध्याय रिसोर्ट )का सञ्चालक अर्जुन सिंह ठकुरीले रू. १५,०००, थाहा-९ साविक चित्लाङ हाल काठमाडौ निवासी राधाकृष्ण श्रेष्ठले रू. ५०००, थाहा-१० बिसिङ्खेल निवासी गोकुल बस्नेतले रू. २०००, थाहा-९ साविक माझगाउँ निवासी लक्ष्मण बलामीले रू. ५००० र काठमाडौ निवासी धनबहादुर मर्हजनले रू. ५००० सहयोग गरेका छन् ।

त्यसैगरी काठमाडौ निवासी पूर्ण महर्जनले रू. ५०००, काठमाडौ निवासी प्रकाश महर्जनले रू. ५०००, काठमाडौ निवासी श्रीकृष्ण महर्जनले रू. ५०००, थाहा-२ का वडा अध्यक्ष गुप्तबहादुर कार्कीले रू. १०,००० र थाहा-९ साविक खर्क हाल काठमाडौ निवासी ८७ वर्षीय श्रीमान्/श्रीमति भरतप्रसाद लामिछाने तथा सत्यवति लामिछानेले रू. १५,००० सहयोग उपलब्ध गराएको सरोकार समितिका रामशरण नेपालले जानकारी दिए ।

यसैबीच थाहा-९ साविक कुश्लेचौर निवासी बालकृष्ण कपाली र थाहा-९ साविक टुपीखेल निवासी मनोजकृष्ण गमालले खाजा व्यवस्थापनमा सहयोग गरेका छन् । थाहा-४ का रामराजा केसी र बासु मगरले पनि खाजा व्यवस्थापनमा सहयोग गर्ने घोषणा गरेका छन् ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि विरूद्ध राँके जुलुस प्रदर्शन



◆ विकास संवाददाता

नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल थाहा नगर कमिटीले शनिबार पेट्रोलियम पदार्थको मूल्य वृद्धि विरूद्ध राँके जुलुस प्रदर्शन गरेको छ ।

शिखरकोट बजारबाट सुरू गरिएको राँके जुलुस थानाबजार पुगेर कोणसभामा परिणत भएको थियो । जुलुसमा पेट्रोलियम पदार्थको मुल्यवृद्धि खारेज गर,नाफा घाटा जान्दैनौ मुल्यवृद्धि मान्दैनौ, परमादेशी सरकार मुर्दाबाद, जनतामारा सरकार मुर्दाबाद, कालाबजारी बन्द गर, स्थानीय निर्वाचन मिति घोषणा गर लगायतका नारा लगाइएका थिए ।

राष्ट्रिय युवा संघ नेपाल थाहानगरका अध्यक्ष प्रदिप भट्टले कोण सभामा बोल्दै तत्काल मूल्यवृद्धि फिर्ता नभए जुनसुकै हदसम्मको आन्दोलन गर्न तयार रहने बताए ।

# ४९ बटुकको सामूहिक ब्रतबन्ध



◆ विकास संवाददाता

थाहानगरको गोरखनाथ मन्दिरमा ४९ जना बटुकहरूको सामुहिक ब्रतबन्ध गरिएको छ ।

माघ शुक्ल द्वितीया पारेर सामुहिक ब्रतबन्ध कार्यक्रमको आयोजना गरिएको हो । गोरखनाथ कल्याण केन्द्र नेपाल पालुङको आयोजनामा केही वर्षदेखि सामुहिक ब्रतबन्ध गरिदै आएको छ ।

४९ जना बटुकहरूको हिन्दू परम्परा अनुसार सामुहिक ब्रतबन्ध गरिएको हो ।

*यो चिसो मौसममा आफ्नो स्वास्थ्यको ख्याल गरौं ।* - विकास खबरपत्रिका



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।**

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसंग भएको ज्ञान, सीप र क्षताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

*सभ्यताको परिचय दिऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका

## कण्डम




- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि निःशुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरु

**१.१ आई.यू.सी.डि (कपर टि) :**
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

**१.२ ईम्प्लाण्ट :**
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।


**१.३ डिपो (३ महिने) सुई :**
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

**१.४ खाने चक्का (पिल्स) :**
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## NOVEL CORONA VIRUS (nCOV)
### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोनाभाइरसका मुख्य लक्षणहरू



- ज्वरो (१००.४ °F भन्दा माथि)
- श्वास प्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

- नियमित रूपमा साबुन-पानीले हात धुने
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
- यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
- जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
- पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

**नोवेल कोरोना भाइरस भनेको के हो ?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै वैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन् ?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म वैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस विषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी